Intellectual Journal of Academic Research
Volume 03, Issue 01, 2025. pp. 135–143
Research Article
DoI: https://doi.org/10.3126/ijar.v3i1.83632

# किशोरावस्थामा हुने लागु पदार्थ दुर्व्यसन, यसको कारण र नियन्त्रणका उपायहरू

**दिपक कट्टेल**

उपप्राध्यापक, म्याङलुङ क्याम्पस

**लेखसार**

किशोरावस्थामा हुने लागु पदार्थ दुर्व्यसन, यसको कारण र नियन्त्रणका उपायहरू सम्वन्धमा खोज, अध्ययन, अनुसन्धान, विश्लेषण गरी तयार गरिएको यस अनुसन्धानमार्फत् लागु पदार्थ दुर्व्यसन बारे तथ्य पहिल्याउने प्रयास गरिएको छ। विशेष गरी तेह्रथुम जिल्लामा किशोरावस्थाका बालबालिकाहरू केकस्ता लागु पदार्थ सेवन गर्दछन् ? के–के कारणबाट दुर्व्यसनका सिकार भएका छन् ? र यसबाट बच्न के–के उपायहरू अबलम्वन गर्न सकिन्छ ? भन्ने कुरा पत्ता लगाई अनुसन्धानको ढाँचामा आधारित रहेर यो शोधकार्य सम्पन्न गरिएको छ। यस अनुसन्धानमा प्राथमिक र द्वितीय दुबै स्रोतको प्रयोग गरिएको छ। यहाँ प्रश्नावली तथा अन्तर्वार्ताको साथै विभिन्न सन्दर्भ सामग्रीहरूको अध्ययन गरी तयार गरिएको छ। यस अनुसन्धानमा विशेषतः वर्णनात्मक तथा विश्लेषणात्मक पद्धतिको उपयोग गरिएको छ । विशेषतः किशोरावस्थाका बालबालिकाहरूले प्रयोग गर्ने लागु पदार्थको पहिचान, कारण र निराकरणका उपायसमेत सुझाइने हुनाले यो अनुसन्धान केही विशेष र अरूभन्दा फरक पनि रहेको छ। यो शोधपत्र तेह्रथुम जिल्ला निवासी तथा अन्य अभिभावकहरूलाई समेत उपयोगी हुन सक्छ। सम्बन्धित विद्यार्थी, अभिभावक, शिक्षक लगायत सरोकारवाला सबैलाई यो अनुसन्धान एक उपयोगी अध्ययन सामग्री बन्ने सम्भावना पनि उत्तिकै रहेको छ।

*मुख्य शब्दावली:* किशोर किशोरी, लागु औषध, घरपरिवार, समुदाय, ऐन, कानून, पुनःस्थापना, सामाजिक प्रभाव

**Article Info**

*Email*
dipakkattel9@gmail.com

*Article History*
Received: 2025, May 25
Accepted: 2025, July 21
Published: 2025, August 29

*Cite*
Kattel, D. (2025). किशोरावस्थामा हुने लागु पदार्थ दुव्र्यसन, यसको कारण र नियन्त्रणका उपायहरु, *Intellectual Journal of Academic Research* (*IJAR*), *3*(1), 135–143. https://doi.org/10.3126/ijar.v3i1.83632

## विषय परिचय

लागु पदार्थहरू लत निम्त्याउने पदार्थहरू हुन् । यसको सेवनले मानिसका शारीरिक र मानसिक स्वास्थ्य, चेतना र अनुभूतिलाई विकृत गर्न सक्छ। मानिसलाई मात लाग्ने, लगातार प्रयोग गर्न मन लाग्ने, उत्तेजना वा भ्रम सिर्जना गर्ने, काम गराइमा फरकपन ल्याउने जस्ता गतिविधि देखिने गर्दछन्। यिनीहरूले केन्द्रीय स्नायु प्रणालीलाई असर गर्छन् र व्यक्तिको भावना र विचारहरू परिवर्तन गर्दछन्। प्राकृतिक, अर्धप्राकृतिक वा कृत्रिम जुनसुकै किसिमका लागुऔषध भए पनि यिनीहरूको सेवनले मानिसको स्वास्थ्यमा प्रतिकूल असर पर्ने हुन्छ। त्यस्ता लागु पदार्थहरूमा गाँजा, अफिम, हेरोइन, मोर्फिन, कोकेन समावेश छन् भने सुर्ती र रक्सी पनि लागु पदार्थमा पर्दछन्। अङ्ग्रेजी शब्दकोशले “Substance that affects the nervous system, esp. that is one habit forming e.g. cocaine or heroin” भनी परिभाषित गरेको पाइन्छ भने नेपाली शब्दकोशमा लागु पदार्थ भन्नाले गाँजा, भाँङ, चरेस, रक्सी जस्ता पदार्थहरू भनेर परिभाषा दिएको पाइन्छ । विश्व स्वास्थ्य सङ्गठनले पनि लागु औषधलाई स्वस्थ शरीरका लागि आवश्यक नहुने पदार्थको रूपमा परिभाषित गरेको छ।

लागु पदार्थको दुरुपयोग एक ठूलो समस्या हो जसले संसारभरका धेरै ठाउँहरूलाई असर गर्छ, जस्तै घर, विद्यालय र धार्मिक स्थलहरू । जब युवाहरू र दक्ष कामदारहरू


Copyright (c) 2025: Author (s). Published by Myanglung Multiple Campus

लागु पदार्थको दुर्व्यसनमा पर्छन्, यसले हाम्रो देशलाई धेरै नोक्सान पुऱ्याउन सक्छ र थप अपराध निम्त्याउन सक्छ। सुर्ती र मदिरा जस्ता केही लागु औषधहरू लामो समयदेखि प्रयोग हुँदै आएका छन् र कानूनको विरुद्धमा छैनन्। तर त्यहाँ नयाँ लागु पदार्थहरू छन्, जस्तै गाँजा र रसायनहरू, जुन धेरै खतरनाक हुन सक्छन्। यी चीजहरू सजिलै बनाइन्छ र प्रयोग गरिन्छ, तर यसले हाम्रो शरीरलाई आघात पुर्याउन सक्छ। तिनीहरूले हामीलाई लामो समयसम्म बिरामी बनाउन सक्छन्। नेपालमा विशेष कार्यक्रममा रक्सीलाई अनुमति दिइन्छ, यद्यपि यो हाम्रो स्वास्थ्यको लागि हानिकारक हुन सक्छ। केही मानिसहरू साँच्चै रक्सी वरपरको संस्कृति मन पराउँछन् र यदि यसलाई हटाइयो भने तिनीहरू निराश हुनेछन् तर जब मानिसहरू रक्सीको लतमा पर्छन्, तिनीहरूलाई रोक्न वास्तवमै गाह्रो हुन्छ। यो गैरकानूनी पनि छ, त्यसैले यो रोक्न गाह्रो छ। हुन त मानिसहरूले यसको लागि धेरै पैसा तिर्नुपर्छ। तैपनि मानिस यसको लतमा लट्ठ छ। यसले मानिसहरू र उनीहरूको परिवारलाई धेरै समस्या निम्त्याउँछ। यो हाम्रो देशको लागि ठूलो चुनौती हो। यदि कसैले यो समस्या कति गम्भीर छ भनेर बुझ्दैन भने, तिनीहरू आफैं समस्यामा पर्न सक्छन्।

नेपालमा वि.सं. २०६३ र २०६८ मा गरिएका दुईवटा सर्वेक्षणले ६ वर्षमा कडा औषधि प्रयोग गर्नेको सङ्ख्या ८८ प्रतिशतभन्दा बढीले वृद्धि भएको देखाएको छ। यसको मतलब अहिले १,५०,००० कडा लागु औषध प्रयोगकर्ताहरू छन्। यदि हामीले सजिलैसँग उपलब्ध अल्कोहल जस्ता अन्य कारकहरूलाई विचार गर्यौं भने सङ्ख्या अझ बढी हुन सक्छ, सम्भवतः ५,००,००० भन्दा बढी। यी तथ्याङ्कहरूले देखाउँदछ कि लागु पदार्थको लत एक ठूलो समस्या बनिरहेको छ, विशेष गरी १५ देखि २४ वर्षका युवाहरूमा जहाँ प्रयोगकर्ताहरूको सङ्ख्या ५३.१ प्रतिशत ले बढेको छ। यो निकै चिन्ताजनक अवस्था हो (आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोसी प्रदेस, विराटनगर तालिम निर्देशिका, पृ.४७)।

हामी भनिरहेका छौं कि धेरै युवाहरू लागु पदार्थको लतमा छन् र कसैले पनि यसको कारण पत्ता लगाउन खोजेका छैनन्। विगतमा हामीले देखेका छौं कि यदि सरकारले यी युवाहरूलाई मद्दत गर्न केही गरेन भने समस्या अझ विकराल बन्दै जानेछ। केही शिक्षा पाएका सबै युवाहरूलाई सम्हाल्न सरकारलाई गाह्रो भइरहेको छ। युवाहरू लागु औषधको लतमा फसेका मात्रै होइनन्, अपराधमा पनि संलग्न छन्। केहीले लागु औषध बनाएर बेचिरहेका छन् र प्रयोग पनि गरिरहेका छन्। विभिन्न कारणले उनीहरू हरेक दिन लागु औषध प्रयोग गर्ने जोखिममा छन्।

लागु औषध कारोबार र लागु औषधको प्रयोग दिनानुदिन अवैध रुपमा बढ्दै गइरहेको छ। तर अन्य अपराधमा संलग्न भएका वा दुःखी वा तनावमा रहेका युवाहरू पनि लागु औषधको लतमा फस्ने सम्भावना बढी हुन्छ किनभने हाम्रो संसार परिवर्तन हुँदैछ र अधिक आधुनिक र सहरी हुँदैछ। हामीसँग सजिलैसँग सञ्चार गर्ने प्रविधि र तरिकाहरू छन्, तर हामीसँग धेरै नजिकका परिवारहरू वा बलियो सामाजिक जडानहरू भने छैनन्। हाम्रा अभिभावकहरू प्रायः व्यस्त हुने भएकाले किशोरावस्थामा हुने धेरै परिवर्तनहरूलाई बुझ्ने समय नभएको कारण बालबालिकाहरू अस्वभाविक भइरहेका छन्। विद्यालय नपुगेका वा जागिर नभएका युवाहरू लागु औषधको दुर्व्यसनमा लाग्ने र खराब गतिविधिमा संलग्न हुने सम्भावना बढी हुन्छ।

लत लाग्ने पदार्थहरू मानिसहरूले लिने चीजहरू हुन् जसले तिनीहरूलाई फरक महसुस गराउन सक्छन् वा तिनीहरूलाई अस्थायी आनन्द दिन सक्छन्। यी पदार्थहरूले मस्तिष्कलाई असर गर्न सक्छन् र मानिसहरूलाई आराम, उत्साहित वा उत्तेजित महसुस गराउन सक्छन्। यस किसिमका ड्रग्सलाई स्नायु प्रणालीलाई असर गर्ने र कोकिन वा हेरोइनजस्ता आदत बसाल्ने पदार्थको रूपमा परिभाषित गरिएको छ। नेपालमा लागुऔषध नियन्त्रण ऐनले गाँजा, अफिम र सरकारद्वारा सूचीकृत अन्य पदार्थहरू जस्तै लागु औषधलाई परिभाषित गरेको छ। लागु औषध नियन्त्रण ऐन, २०३३ को दफा ३ मा लागु औषधलाई निम्नानुसार परिभाषित गरेको पाइन्छ।

- गाँजा
- औषधोपयोगी गाँजा
- अफिम
- तैयारीको अफिम
- औषधोपयोगी अफिम
- कोकाको झार र पात र

- o अफिम तथा कोकाको सारतत्व मिश्रण वा लवण समेत मिलाई तयार गरिने कुनै पदार्थ

नेपाल सरकारले समय समयमा नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकिदिएका प्राकर्तिक वा कृत्रिम लागु औषध तथा मनोद्विपक पदार्थ (साइकोट्रपिक्स सब्स्टान्स) र तिनको लवणहरू तथा अन्य पदार्थ समेत सम्झनु पर्दछ भनि परिभाषित गरिएको छ।

## लागु औषधका प्रकारहरू

मुख्य गरेर लागु पदार्थहरूलाई दुई भागमा बिभाजन गरिएको छ।

क) **प्राकृतिक लागु पदार्थः** प्राकृतिक रुपमा उम्रने वा मानिसद्वारा उत्पादित पदार्थहरू जस्तैः– गाँजा, चरेस, भाङ, धतुरो, अफिम, रक्सी आदिलाई प्राकृतिक लागु पदार्थ भनिन्छ।

ख) **औषधिजन्य लागु पदार्थः** मानव जीवन रक्षाको लागि निर्मित औषधिजन्य पदार्थहरू जसलाई चिकित्सकको सल्लाह विपरित नशा लिनको लागि प्रयोग गर्दछन् त्यसलाई औषधिजन्य लागु पदार्थ भनिन्छ। जस्तैः– नाइट्रोसन, नाइट्रोभ्याट, प्रोक्सीभोन, नोर्फिन, कोडिन, कोरेक्स, फेन्सीडिल, फेनकोडिन नो–कफ आदि।

## समस्याको कथन

प्रश्न विनाको उत्तर हुदैन भनेझैं समस्या विनाको पनि समाधान हुदैन। तर समस्याको पहिचान गरी सही समयमा सही समाधान गर्न सक्नु पर्दछ। नत्रभने अनर्थ हुन सक्ने सम्भावना पनि उत्तिकै प्रवल हुन्छ। तसर्थ यो अनुसन्धान पनि "किशोरावस्थामा हुने लागु पदार्थ दुर्व्यसन, यसका कारण र नियन्त्रणका उपायहरू" शीर्षकसँग सम्बन्धित समस्याहरूमा केन्द्रित रही समाधानतर्फ उन्मुख हुनेछ। वर्तमान समयमा हरेक घरपरिवार, समाज र सिङ्गो राष्ट्रमा नै भयानक रुपमा बढ्दै गरेको लागु औषध दुर्व्यसनको असर र यसबाट बच्ने उपायहरू प्रत्येक मानिसले बेलैमा जान्नु जरुरी छ। लागु औषध एक निषेधित पदार्थ हो। यसको सेवनले मानिसको शारीरिक तथा मानसिक अवस्थालाई कमजोर बनाई नशामा लट्ठ पार्ने हुन्छ। अशिक्षा, गरिबी, जनचेतनाको कमी, साथीसंगत, अरूको लहैलहै, अभिभावकको बेवास्ता जस्ता कारणबाट बालबालिकाहरू कुलतमा फस्ने हुन सक्छन्। यस किसिमका कुलतबाट बचाई असल नागरिक बनाउन हरेक अभिभावक सचेत रहनु पर्दछ। जसका लागि निम्नानुसारका समस्याहरूलाई मध्यनजर गरी यो अनुसन्धान गरिएको छ।

१ किशोरावस्थाका बालबालिकाहरू के कस्ता लागु पदार्थको दुर्व्यसनमा फसेका हुन्छन् ?

२ किशोरावस्थाका बालबालिकाहरू लागु पदार्थको दुर्व्यसनमा लाग्नुका मुख्य कारणहरू केके हुन् ?

३ किशोरावस्थाका बालबालिकाहरूलाई लागु पदार्थको दुर्व्यसनबाट बचाउन अर्थात् लागु पदार्थ दुर्व्यसन नियन्त्रण गर्न केके उपायहरू अपनाउन सकिन्छ ?

## अध्ययनको उद्देश्य

हरेक महत्वपूर्ण कार्यझैं अनुसन्धान पनि एक उद्देश्यमूलक कार्य हो। विना लक्ष कुनै पनि कार्य प्रभावकारी रुपबाट सफल नहुने हुँदा प्रभावकारी रुपमा अध्ययन कार्यलाई पूरा गर्नको लागि निश्चित उद्देश्य किटान गर्नु पर्दछ। यस अनुसन्धानमा पनि लागु औषधको सामान्य परिभाषा दिई यसका असरहरू बारे अध्ययन गरी यी समावेश तथ्यहरूको संक्षिप्त अध्ययन पश्चात सूत्रात्मक निष्कर्ष उल्लेख गर्नु यस अनुसन्धानको उद्देश्य हो। तसर्थ यस अनुसन्धानको समस्या कथनमा भएका समस्याको निराकरण गर्नको लागि निम्न लिखित उद्देश्य राखिएको छः

१) किशोरावस्थामा हुने लागु पदार्थ दुर्व्यसन र यसका कारणहरू पहिचान गर्नु

२) लागु पदार्थ दुर्व्यसन नियन्त्रणका उपायहरू पत्ता लगाउनु।

## लागु औषध दुर्व्यसनका कारणहरू

लागु औषध दुर्व्यसनका कारणहरू देहाय अनुसारका रहेको पाइन्छः

- o घरमा अभिभावकले प्रयोग गर्ने गरेको देखेर
- o घर झगडा, कुटपिट, पारिवारिक समस्या जस्ता कारण
- o अभिभावक, आमाबुबा, आफन्तबाट माया, ममता, अभिभाकत्वको अभाव
- o अभिभावक, आमाबुबाबाट उचित निगरानी नहुनु

- अशिक्षा, गरिबी, सचेतनाको कमी
- गलत साथीसँगीको प्रभाव
- मोजमस्ती वा मनोरञ्जनका लागि
- जिज्ञासा वा उत्सुकता
- क्षणिक खुसी हुनका लागि
- मानसिक तनाव, निराशा अर्थात् डिप्रेसन
- पढाइ वा अन्य व्यवहारमा समस्या
- अर्काको लहैलहैमा लाग्ने, देखासिकी गर्ने
- परम्परागत अन्धविश्वास
- पश्चिमी संस्कृतिको अन्धानुकरण
- लागुऔषध सहज रुपमा प्राप्त हुनु आदि।

## लागु औषध प्रयोगकर्तामा देखिने लक्षणहरू

लागु औषध प्रयोगकर्ताहरूमा देहाय अनुसारका कुनै वा सबै लक्षणहरू देखिन सक्दछन् :

- एकान्तमा बस्न रुचाउने
- असामान्य व्यवहार देखाउने
- अस्वभाविक पहिरन लगाउने
- अरूसँग घुलमिल नहुने
- कम बोल्ने, बनावटी कुरा गर्ने
- आँखा राताराता हुने
- शरीर दुव्लाउदै जाने, काँप्ने
- पढ्न मन नगर्ने
- आवेसमा आउने
- अल्छी तथा घमण्डी स्वभावको हुने
- आपराधिक कार्यमा लाग्ने
- धन सम्पतिको बिनाशतिर लाग्ने
- सामाजिक मुल्य र मान्यताहरू नमान्ने।

## लागु औषध सेवनका असरहरू

लागु पदार्थको सेवनबाट हुने असरहरूलाई देहाय अनुसार उल्लेख गर्न सकिन्छ।

१) ***शारीरिक असर***

- शारीरिक कमजोरी देखा पर्ने
- एच.आई.भि. एड्स, हेपाटाईटिस तथा यौनजन्य रोगहरूको संक्रमण हुने
- मस्तिष्क, मुटु, कलेजो, फोक्सो, मृगौला जस्ता अङ्गहरूमा नकारात्मक असर पर्ने
- खानामा रूचि नहुने
- तौल घट्ने, शरीर दुब्लाउने
- प्रयोगको मात्रा बढी भएर मृत्यु समेत हुन सक्ने।

२) ***मानसिक असर***

- मानसिक असक्षमता बढ्दै जाने
- एकोहोरोपन, फ्रस्टेसन, डिप्रेशन आदि हुने
- स्मरण शक्ति ह्रास हुदै जाने
- नकारात्मक विचार आउने
- हत्या, आत्महत्या गर्न प्रेरित हुने।

३) ***आर्थिक असर***

- खर्च बढ्ने
- गरिबीले सताउने
- रोजगारीका अवसर गुम्ने
- वरिपरिको वातावरण खलबलिने
- उत्पादनमा कमी आउने।

४) ***पारिवारिक तथा सामाजिक असर***

- पारिवारिक असमझदारी बढ्ने
- भ्रष्टाचार, व्यभिचार बढ्दै जाने
- घरका मालसामानहरू हराउने
- दैनिक झैझगडा हुने
- धन सम्पत्ति घट्दै जाने
- पारिवारिक दुरी बढ्ने
- अनैतिक कार्यमा संलग्न हुने
- समाजबाट टाढा हुदै जाने।

५) ***शान्ति सुरक्षामा असर***

- अराजक गतिविधिहरू गर्ने
- झैझगडा, घरेलु हिंसा तथा अन्य गलत कार्यहरू गर्ने
- लागुऔषधको कारोबार, सेवन जस्ता कार्यमा संलग्न हुने
- हत्या, हिंसामा लाग्न सक्ने
- कानूनको पालना नगर्ने।

प्रयोगकर्ताको जनसांख्यिक विवरण

**तालिका नं १**

उमेर समूह अनुसार लागु औषध प्रयोगकर्ताको जिल्लागत अवस्था

| उमेर समूह | जना | प्रतिशत (%) |
|---|---|---|
| १०-१४ वर्ष | - | - |
| १५–१९ वर्ष | ७ | २६.९२% |
| २०–२४ वर्ष | १२ | ४६.१५% |
| २५–३० वर्ष | ५ | १९.२३% |
| ३० वर्ष माथि | २ | ७.६९% |
| जम्मा | २६ | १००% |

**तालिका नं २**

लिङ्ग अनुसार लागु औषध प्रयोगकर्ताको जिल्लागत अवस्था

| लिंग | जना | प्रतिशत (%) |
|---|---|---|
| पुरुष | २६ | १००% |
| महिला | - | - |
| अन्य | - | - |
| जम्मा | २६ | १००% |

**तालिका नं ३**

शिक्षाको स्तर अनुसार लागु औषध प्रयोगकर्ताको जिल्लागत अवस्था

| शिक्षा स्तर | जना | प्रतिशत (%) |
|---|---|---|
| माध्यमिक भन्दा तल | ६ | २३.०८% |
| माध्यमिक (SLC/SEE) | १० | ३८.४६% |
| उच्च माध्यमिक | १० | ३८.४६% |
| स्नातक वा सो माथि | - | - |
| जम्मा | २६ | १००% |

**तालिका नं ४**

पेशा

| पेशा | जना | प्रतिशत (%) |
|---|---|---|
| बेरोजगार | ६ | २३.०८% |
| विद्यार्थी | ११ | ४२.३१% |
| वैदेशिक रोजगारी फर्किएका | १ | ३.८५% |
| कृषि/श्रमिक | २ | ७.६९% |
| अन्य (साना व्यवसाय, फ्रीलान्स आदि) | ६ | २३.०८% |
| जम्मा | २६ | १००% |

श्रोत : जिल्ला प्रहरी कार्यालय, तेह्रथुम (२०८०/०८१)

### लागु औषध प्राप्तिका स्रोतहरू

- साथिसंगी
- डुलन्ते विक्रेता
- औषधी पसल
- अन्य पसल
- इन्टरनेटको माध्यम
- अन्य

नेपालमा लागु औषध प्रयोग सम्बन्धी राष्ट्रिय तथ्यांक (२०२०)

### नेपालमा लागु औषध नियन्त्रणको सुरुवातः

वि.सं. २०३३ सालभन्दा अगाडि नेपालमा गाँजाजन्य पदार्थहरू खुल्लम खुल्ला विक्री वितरण हुने गर्दथे। जब लागुऔषध नियन्त्रण ऐन, २०३३ कार्यान्वयनमा आयो । त्यसपछि लागु औषधलाई कानूनतः प्रतिबन्ध लगाइयो । तथापि संयुक्त राष्ट्रसंघको आर्थिक तथा सामाजिक परिषद्ले सन् १९६१ मा Sign Convention on Narcotic Drugs, १९६१ लागु गरेपछि विश्वस्तरबाट नै यसको नियन्त्रण सुरुवात भएको हो।

### लागु औषध नियन्त्रणका प्रमुख उपायहरू

नेपालमा लागु औषध नियन्त्रण सम्बन्धी मूख्य मार्गदर्शक दस्तावेजका रुपमा लागु औषध राष्ट्रिय नीति, २०६३ रहेको छ। सो नीति अनुसार लागु औषध नियन्त्रणका प्रमुख पक्षहरू/आयामहरू (Dimensions) देहायबमोजिम छन्।

- आपूर्ति नियन्त्रण
- माग घटाउने
- उपचार तथा पुनर्स्थापना
- क्षति न्यूनीकरण
- अनुसन्धान र विकास
- सहकार्य तथा स्रोत साधन उपयोग

### लागु औषध नियन्त्रणका लागि भएका कानूनी व्यवस्थाहरू

लागु औषध नियन्त्रणका लागि रहेका कानूनी व्यवस्थाहरू देहाय वमोजिम रहेको छ

- लागु औषध (नियन्त्रण) ऐन, २०३३
- लागु औषध नियन्त्रण राष्ट्रिय नीति, २०६३
- लागु औषध नियन्त्रण रणनीति, २०६६
- लागु औषध नियन्त्रण कार्ययोजना, २०७५
- लागु औषध प्रयोगकर्ताहरूको लागि उपचार तथा पुनःस्थापना केन्द्र सञ्चालन निर्देशिका, २०७५
- लागु औषध नियन्त्रण र रोकथामसम्बन्धी कार्यक्रम सञ्चालन सम्बन्धमा स्थानीय तहलाई मार्गदर्शन, २०७६
- लागु औषधको मौखिक प्रतिस्थापन उपचार पद्धति कार्य सञ्चालन निर्देशिका, २०७०
- साझेदारीमा लागु औषध प्रयोगकर्ताहरूको उपचार तथा पुनर्स्थापना केन्द्र सञ्चालन सम्बन्धी कार्यविधि, २०५७।

### लागु औषध सम्बन्धी अपराधमा सजायको व्यवस्था

लागु औषध नियन्त्रण ऐन, २०३३ ले देहाय अनुसार निषेधित कार्य भनि व्यवस्था गरेको छ र ती निषेधित कार्यहरूमा देहाय अनुसार दण्ड सजायको व्यवस्था पनि गरेको छ।

### कानूनले निषेध गरेका कार्यहरू

- गाँजाको खेती गर्न, उत्पादन गर्न, तैयारी गर्न, खरिद गर्न, विक्री वितरण गर्न, निकासी वा पैठारी गर्न, ओसार पसार गर्न, सन्चय गर्न वा सेवन गर्न,
- अफिम वा कोकाको खेती गर्न वा अफिम वा कोकाको पात वा अन्य लागु औषधको उत्पादन गर्न,
- लागु औषधको निर्माण वा तैयारी गर्न,
- लागु औषधको विक्री वितरण गर्न,
- लागु औषधको निकासी वा पैठारी गर्न,
- लागु औषध खरिद गर्न, संचय गर्न, राख्न वा ओसारपसार गर्न,
- गाँजाबाहेक अन्य लागु औषध सेवन गर्न,

### दण्ड सजायको व्यवस्था

क) गाँजा सेवन गर्ने व्यक्तिलाई एक महिनासम्म कैद वा दुई हजार रुपैयाँसम्म जरिवाना।

ख) पच्चीस वटा बोटसम्म गाँजाको खेती गर्ने व्यक्तिलाई तीन महिनासम्म कैद वा तीन हजार रुपैयाँसम्म जरिवाना।

ग) पच्चीस वटा बोट भन्दा बढी गाँजाको खेती गर्ने व्यक्तिलाई तीन वर्षसम्म कैद वा पाँच हजार रुपैयाँदेखि पच्चीस हजार रुपैयाँसम्म जरिवाना।

घ) गाँजा उत्पादन, तयारी, खरिद, बिक्री, वितरण निकासी वा पैठारी, ओसारपसार तथा सञ्चय गर्ने व्यक्तिलाई:–

१) पचास ग्रामसम्मको भए तीन महिनासम्म कैद वा तीन हजार रुपैयाँसम्म जरिवाना।

२) पचास ग्रामदेखि पाँचसय ग्रामसम्मको भए एक महिनादेखि एक वर्षसम्म कैद र एक हजार रुपैयाँदेखि पाँच हजार रुपैयाँसम्म जरिवाना।

३) पाँचसय ग्रामदेखि दुई किलो ग्रामसम्मको भए ५ महिनादेखि दुई वर्षसम्म कैद र दुई हजार रुपैयाँदेखि दश हजार रुपैयाँसम्म जरिवाना।

४) दुई किलो ग्रामदेखि दश किलो ग्रामसम्मको भए एक वर्षदेखि तीन वर्षसम्म कैद र पाँच हजार रुपैयाँदेखि पच्चीस हजार रुपैयाँसम्म जरिवाना।

५) दश किलो ग्रामदेखि माथि जतिसुकै भए पनि दुई वर्षदेखि दश वर्षसम्म कैद र पन्ध्र हजार रुपैयादेखि एक लाख रुपैयाँसम्म जरिवाना।

ङ) अफिम, कोका वा सोबाट बनेको लागु औषधको सेवन गर्ने व्यक्तिलाई एक वर्षसम्म कैद वा दश हजार रुपैयाँसम्म जरिवाना।

च) अफिम वा कोकाको खेती गर्ने व्यक्तिलाई:–

१) पच्चीस वटा बोटसम्म भए एक वर्षदेखि तीन वर्षसम्म कैद र पाँच हजार रुपैयाँदेखि पच्चीस हजार रुपैयाँसम्म जरिवाना।

२) पच्चीस बोट भन्दा माथि जतिसुकै भए पनि तीन वर्षदेखि दश वर्षसम्म कैद र पच्चीस हजार रुपैयाँदेखि दुई लाख रुपैयाँसम्म जरिवाना।

छ) अफिम, कोका वा सोबाट बनेका लागु औषधको सेवन र खेती गर्ने कार्य बाहेक अन्य निषेधित कार्य गर्ने व्यक्तिलाई:–

१) पच्चीस ग्रामसम्मको कारोवार गर्नेलाई पाँच वर्षदेखि दश वर्षसम्म कैद र पाँच हजार रुपैयाँदेखि पच्चीस हजार रुपैयाँसम्म जरिवाना।

२) पच्चीस ग्रामदेखि एक सय ग्रामसम्मको कारोवार गर्नेलाई दश वर्षदेखि पन्ध्र वर्षसम्म कैद र पचहत्तर हजार रुपैयाँदेखि दुई लाख रुपैयाँसम्म जरिवाना ।

३) एक सय ग्रामदेखि माथि जतिसुकै परिणामको कारोवार गर्नेलाई पन्ध्र वर्षदेखि जन्म कैद र पाँचलाख रुपैयाँदेखि पच्चीस लाख रुपैयाँसम्म जरिवाना।

ज) नेपाल सरकारले समय समयमा नेपाल राजपत्रमा सूचना प्रकाशित गरि तोकी दिएका प्राकृतिक वा कृत्रिम लागु औषध तथा मनोद्विपक पदार्थ (साईकोट्रपिक सब्स्ट्रान्स) र तिनको लवण र अन्य पदार्थ समेतको दूर्व्यसन गर्ने व्यक्तिलाई दुई महिनासम्म कैद वा दुई हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय।

झ) माथि खण्ड (ज) मा लेखिएदेखि बाहेक अन्य निषेधित कार्य गर्ने व्यक्तिलाई दुई वर्षदेखि दश वर्षसम्म कैद र एक लाख रुपैयाँदेखि बीस लाख रुपैयाँसम्म जरिवाना।

## निष्कर्ष

प्रस्तुत अनुसन्धानमा तेह्थुमका किशोरावस्थाका केटाकेटीले प्रयोग गर्ने लागु औषध, कारण र नियन्त्रणका उपायहरू पहिचान, वर्गीकरण र व्याख्या विश्लेषण गरी

निष्कर्ष निकालिएको छ।

किशोरावस्था मानिसको उमेरको एउटा स्वर्णिम अवस्था हो । यस अवस्थामा हरेक किशोरकिशोरीमा सकारात्मक तथा नकारात्मक विचारहरू आउने गर्दछन्। त्यस किसिमका विचारहरूलाई अभिभावक, शिक्षक लगायत सचेत नागरिकले बेलैमा बुझेर नकारात्मक भावनालाई निरुत्साहित गर्दै सकारात्मक भावनाको विकास गराउने गर्नु पर्दछ। आफ्ना छोराछोरी, विद्यार्थी तथा आफन्तजन लगायत नजिकका बालबालिकाहरूलाई समयमा नै सही बाटोतिर लगाउने कार्यमा सचेत रहनु पर्दछ।

बालबालिकाहरूका लागि पहिलो विद्यालय भनेको आफ्नो घर हो । घरमा अभिभावकसँग रहेको समयमा उनीहरूसँग कुरा गर्ने, सँगसँगै खेल्ने, उनीहरूका कुरा सुन्ने, उनीहरूलाई आफ्ना कुरा भन्ने सहज मौका दिने आदि कार्य गर्नाले उनीहरू गलत बाटोमा लाग्ने सम्भावना कम हुन जान्छ। यसका साथै किशोरावस्थाका बालबालिकामा हुने लागु पदार्थ दुर्व्यसन सम्बन्धी समस्या पनि नआउने वा कम गर्न सकिने हुन सक्छ। तसर्थ यस अनुसन्धानमा विभिन्न किसिमका लागु पदार्थ दुर्व्यसन लगायत विविध समस्याबाट बच्न अर्थात् यस प्रकारका कुलतबाट किशोरकिशोरीहरूलाई बचाउन आवश्यक सुझाव प्रस्तुत गरिएको छ।

## सुझावहरू

मानिसको जीवन अमूल्य छ । यसलाई अमूल्य बनाउन हामी आफैं सचेत भई आफ्नो खानपान, बानी व्यवहार, आचरण बोलीचाली, रहनसहन जस्ता कार्यहरूमा विशेष ध्यान दिनु जरुरी छ। खान जाने विष पनि अमृत हुन्छ तर खान नजानेमा अमृत पनि विष हुन्छ भनेझैं यस पृथ्वीमा उत्पादित बस्तुहरू आफैंमा ठिकबेठिक भन्ने भन्दा पनि यसको महत्व यसको प्रयोग र मात्रा निर्भर हुने दखिन्छ । तसर्थ लागु औषधलाई पनि सही पहिचान गरेर सीमित मात्रामा मात्र प्रयोग गर्नु लाभदायक हुन्छ। हुन त यसको प्रयोग नगर्नु नै स्वास्थ्यका लागि बढी फाइदाजनक हुने हुन्छ। तर पनि यसलाई चिनेर औषधिको रुपमा प्रयोग गर्नु हितकर हुन्छ। यसलाई पहिचान गर्ने, दुर्व्यसनको रुपमा प्रयोग नगर्ने, अनुशासनमा रहने, आफ्नो अमूल्य जीवनको महत्व बुझेर सही काममा लाग्ने, आफू, घरपरिवार, समाज र सिंगो राष्ट्रलाई नै सभ्य, समुन्नत बनाउन योगदाग गर्ने जस्ता कार्यमा लाग्न सम्बन्धित सरोकारवाला सबैलाई सचेत रही आफ्नो जिम्मेवारीबाट सक्रिय रुपमा सहभागी भई लागु औषध दुर्व्यसन लगायत अन्य कुलतबाट बालबालिकाहरूलाई बचाउन महत्वपूर्ण भूमिका खेल्नु पर्ने देखिन्छ। यो कार्य सम्बन्धित सबैका लागि उपयोगी हुने हुनाले निम्न अनुसारका सुझावहरू प्रस्तुत गरिएको छ।

### नीतिगत सुझावहरू

- लागु औषध दुर्व्यसन नियन्त्रणका लागि निम्न अनुसारका नीतिगत सुधारहरू गर्न सुझाव गरिन्छः
- लागु औषध दुर्व्यसन नियन्त्रणका लागि बनेका ऐन कानूनहरूको पुनर्विचार गर्ने
- समयसापेक्ष नयाँ कानून बनाई लागु गर्ने
- मौजुदा ऐन कानूनहरू प्रभावकारी रुपमा कार्यान्वयन गर्ने
- लागुऔषधको सहज प्राप्तिलाई नियन्त्रण गर्ने
- उपचार तथा पुनर्स्थापना केन्द्रहरू स्थापना गरी सञ्चालन गर्ने
- लागु औषधको कुलतमा फसेका व्यक्तिलाई सुधार गरी समाजमा पुनर्स्थापना गर्न मद्दत गर्ने
- सुधारका लागि मनोपरामर्श विशेषज्ञको व्यवस्था गर्ने
- लागु औषध दुर्व्यसन नियन्त्रण सम्बन्धी सचेतनामूलक कार्यक्रमहरू सञ्चालन गर्ने

### सम्बन्धित पक्षका लागि सुझाव

लागु औषध दुर्व्यसनबाट बच्न/बचाउन सम्बन्धित पक्षका लागि निम्न अनुसारका सुधावहरू प्रस्तुत गरिन्छः

- अभिभावकले लागु पदार्थ सेवन/प्रयोग गोप्य रुपमा गर्ने वा गर्दै नगर्ने
- घरपरिवार वा समाजमा झैझगडा, कुटपिट, पारिवारिक कलह जस्ता कार्य नगर्ने
- अभिभावक, आमाबुबा, आफन्तबाट माया, ममता, अभिभाकत्वको प्रदान गर्ने

- अभिभावक, आमाबुबाबाट उचित निगरानी गर्ने
- शिक्षा लिन, अनुशासित हुन तथा हरेक विषयमा सचेत रहन प्रोत्साहन गर्ने
- गलत साथीसँगीको प्रभावबाट टाढा राख्ने
- मोजमस्ती वा मनोरञ्जनका लागि भनेर अनियन्त्रित नछोड्ने
- बालबालिकाका जिज्ञासा वा उत्सुकताको सही समाधन दिन कोसिस गर्ने
- क्षणिक खुसीमा रमाउनुका साथै दीर्घकालीन सन्तुष्टि हुने मार्गतर्फ अग्रसर गराउन हौसला प्रदान गर्ने
- बालबालिकालाई मानसिक तनाव, निराशा अर्थात् डिप्रेसन हुनबाट बचाउने
- पढाइ वा अन्य व्यवहारमा आएका समस्या समाधन गर्न सहयोगी बन्ने
- यस उमेरका बालबालिकामा अर्काको लहैलहैमा लाग्ने, देखासिकी गर्ने बानी हुने हुनाले यस बानीलाई सकारात्मक तबरले सुधार्ने प्रयास गर्ने
- परम्परागत अन्धविश्वासबाट बाहिर निस्कने र उनीहरूलाई सही गलत बुझ्न सहयोग गर्ने
- पश्चिमी संस्कृतिको अन्धानुकरणलाई रोकी आवश्कतानुसार सिक्न पेरणा दिने

## सन्दर्भ सूची


उपचार र पुनर्स्थापना केन्द्र सञ्चालन निर्देशिका, (२०७५), काठमाडौं, नेपाल।

नेपाल प्रज्ञा प्रतिष्ठान (२०२०), *अंग्रेजी शब्दकोश,* काठमाडौं, नेपाल प्रज्ञा प्रतिष्ठान।

नेपाल प्रज्ञा प्रतिष्ठान, (२०२०), *वृहत नेपाली शब्दकोश,* नेपाल प्रज्ञा प्रतिष्ठान।

नेपाल सरकार, गृह मन्त्रालय (२०७९–२०८४), *लागु औषध रोकथाम तथा नियन्त्रण राष्ट्रिय गुरुयोजना,* गृह मन्त्रालय।

नेपाल सरकार, गृह मन्त्रालय, (२०२०), *नेपालमा लागु औषध प्रयोग सम्बन्धी राष्ट्रिय तथ्याङ्क,* गृह मन्त्रालय।

नेपाल प्रहरी – लागुऔषध नियन्त्रण महाशाखा (Narcotics Control Bureau) (२०७७), *ई–बुलेटिन,* नेपाल प्रहरी।

मौखिक प्रतिस्थापन उपचार निर्देशिका (२०७०) *लागु औषध नियन्त्रण ऐन,* (२०३३), काठमाडौं, नेपाल।

*लागु औषध नियन्त्रण राष्ट्रिय नीति,* (२०६३), काठमाडौं, नेपाल।

*लागु औषध नियन्त्रण रणनीति,* (२०६६), काठमाडौं, नेपाल ।

*लागु औषध नियन्त्रण कार्ययोजना,* (२०७५), काठमाडौं, नेपाल।

*स्थानीय तहमा कार्यक्रम सञ्चालन मार्गदर्शन,* (२०७६). काठमाडौं, नेपाल।

*साझेदारीमा उपचार केन्द सञ्चालन कार्यविधि,* (२०७५), काठमाडौं, नेपाल।

श्रेष्ठ, खड्गबहादुर, (२०७५), *सुरक्षित जीवन पुस्तिका.* काठमाडौं, नेपाल।

स्वास्थ्य अनुसन्धान परिषद्, (२०२०), गृह मन्त्रालय, काठमाडौं, नेपाल।

*हामी स्वयंसेवी अभियान, (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि,* (२०७९), विराटनगर, आन्तरिक मामिला तथा कानुन मन्त्रालय।